आज मिति २०८३/०४/०७ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री झामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री उत्तम पौडेल | नि. प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १. | डिल्ली प्रसाद शर्मा | ले.प्र. |
| | २. | मनोज कार्की | प्रशासन प्रमुख |
| | | | |

वि.सं. : २०८३ साउन ७ गते बिहीबार

निर्णयहरु :-

१. समिक्षा सम्वन्धमा ।
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो । समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो ।

२. वडाको सिमाना हेरफेर सम्बन्धमा ।
नेपाल सरकारद्वार नेपालको पुनर्संरचना गर्ने समयमा काठेखोला गाउँपालिका अन्तर्गतका तपसिल अनुसारका वडाहरुको सिमाना चलन चल्ती अनुसार नभई फरक परेको हुँदा तपसिल अनुसार हुने गरी सिमाना सच्याउनका लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।
तपसिल:-

क) काठेखोला गाउँपालिका वडा नं. ६ को वडा नं. ४ र ५ सँग सिमाना जोडिएको बिन्दु हाल २८°१६'१६"N र ८३°३०'५३"E भएको तर वास्तविक रुपमा हुनुपर्ने बिन्दु २८°१६'०२"N र ८३°२९'५८"E भएको हुँदा सोही अनुसार सच्याउन अनुरोध गर्ने ।
ख) काठेखोला गाउँपालिका वडा नं. ७ को बागलुङ नगरपालिका वडा नं. ८ र काठेखोला १ सँग सिमाना जोडिएको बिन्दु हाल २८°१४'३८"N र ८३°३२'२५"E भएको तर हुनुपर्ने बिन्दु २८°१५'३५"N र ८३°३२'१५"E अनुसार सच्याउन अनुरोध गर्ने ।
ग) काठेखोला गाउँपालिका वडा नं. १ को सिमाना खहरे (बा.न.पा. ३ को सिमाना), चनौटे र बडहरे (बा.न.पा. ८ सिगानाको सिमाना) मा बागलुङ नगरपालिकामा मिसिएको हुँदा फरक परेको भू-भाग सच्याउन अनुरोध गर्ने ।
घ) काठेखोला गाउँपालिका वडा नं. ३ लाटिका र टोडकेको भू-भाग ताराखोला गाउँपालिकामा गाभिएको हुँदा फरक परेको उक्त भू-भाग सच्याउन अनुरोध गर्ने ।

३. भू-सेवा केन्द्र संचालनका लागि माग गर्ने सम्बन्धमा ।
नेपाल सरकार भूमि, व्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यबस्थापन तथा अभिलेख विभाग, भूमि प्रशासन कार्यालय, बागलुङको प.सं. ०८३/८४, चलानी नं. १९ मिति २०८३/०४/०१ गतेको भू-सेवा केन्द्र संचालन सम्बन्धी सूचना अनुसार यस पालिकामा भू- सेवा केन्द्र संचालन गर्ने र सो कार्यका लागी अनुमति लिन्न सम्बन्धित निकायमा कागजात पेश गर्ने निर्नय गरियो ।

४. वार्षिक समिक्षा सम्बन्धमा ।
काठेखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक समिक्षा गोष्ठी २०८३ श्रावण मसान्तसम्म सम्पन्न गर्ने निर्णय गरोयो ।